# सम्मरीमाई गाउँपालिका

**SAMMARIMAI RURAL MUNICIPALITY**

# गाउँ कार्यपालिकाको कार्यालय

**OFFICE OF THE RURAL MUNICIPALITY EXECUTIVE**

फरेना, रुपन्देही
**FARENA, RUPANDEHI**

लुम्बिनी प्रदेश,नेपाल
*lumbiniprovince Nepal*

प.स./Ref No.२०७८/०७९
च.नं./DispatchNo. १६८८

मिति/Date :२०७९।०१।०६

**श्री कर्मचारी एवमं शिक्षकहरु सबै,**
**सम्मरीमाई गाउँपालिका**

**विषयः निर्वाचन आचार संहिता २०७८, परिपालना सम्बन्धमा ।**

प्रस्तुत विषयमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिईएको अधिकार प्रयोग गरी आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भय मुक्त वातावरण कायम राख्न मिति २०७८।१२।०३ जारी गरेको निर्वाचन आचार संहिता, २०७८ को परिच्छेद–३ मा उल्लेख भए बमोजिम **नेपाल सरकार प्रदेश परकार मन्त्री स्थानीय कार्यपालिका तथा स्थानीय पदाधिकारीहरुले कर्मचारी** तथा निकायले पालना गर्नुपर्ने आचरणहरुको व्यवस्था गरेकोमा तपसिलमा उल्लेखित आचरणहरुको जिम्मेवारी पुर्वक परिपालना गर्दै अन्य सम्बन्धित आचारसंहिता परिपालना गर्नुहुन आदेशानुसार अनुरोध छ । साथै आचारसंहिताको उल्लघन भएको पाइएमा प्रचलित कानुनानुसार कारवाही हुने व्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

**क)** कुनै राजनीतीक दल वा उम्मद्वारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने । तर निर्वाचनमा आफै उम्मेद्वार भएका त्यस्ता मन्त्री वा स्थानीय कार्यपालिका का पदाधिकारीले आफु उम्मेद्वार भएको निर्वाचन क्षेत्रमा प्रचार प्रसार गर्न यस खण्डले बाधा पुर्याएको मानिने छैन ।

**ख)** वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न वा नँया नीती, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा संचालन गर्न नहुने । तर सरुवा रोगको महामारी वा कुनै प्रकृतिक विपद वा काबु बहिरको परिस्थिति सिर्जना भएमा आयोगको स्वीकृति लिई त्यस्ता कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन ।

**ग)** कुनै योजाना को शिलान्यास गर्ने, उद्‌घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने ।

**घ)** नँया पद सिर्जना गर्न, रिक्त पद पुर्ति गर्न, भत्ता वृद्धि गर्ने, ग्रेड लगायतका आर्थिक सुविधा वा कुनै किसिमका पुरस्कार प्रदान गर्न वा घोषणा गर्न नहुने, तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग, न्याय सेवा आयोग, शिक्षक सेवा आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाली सेनाद्वारा नियमित रुपमा हुने पदपुर्ति सम्बन्धि कारबाही गर्न बाधा पर्ने छैन ।

**ङ)** निर्वाचन को काममा बाहेक कर्मचारीको सरुवा वा पदस्थापन गर्न नहुने, तर आयोगको अनुमति लिई प्रचलित कानुन बमोजिम नियमित रुपमा हुने बढुवा तथा पदस्थापना गर्न बाधा पर्ने छैन ।

**च)** मौन अवधिभर कुनै पनि प्रकारका अन्तरक्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसंग सम्बन्धित छलफल वा सामुहिक मस्तिष्क मन्थन आदि गर्न नहुने ।

०६।०१।०६
मुन्सी प्रसाद मांझी
नि.प्रमुख प्रशासकीय अधिकृत

Email:-sammarimairm@gmail.com, ito.sammarimai@gmail.com
Website:- sammarimaimun.gov.np

# सम्मरीमाई गाउँपालिका
**SAMMARIMAI RURAL MUNICIPALITY**
# गाउँ कार्यपालिकाको कार्यालय
**OFFICE OF THE RURAL MUNICIPALITY EXECUTIVE**
फरेना, रुपन्देही
FARENA, RUPANDEHI
लुम्बिनी प्रदेश,नेपाल
*lumbiniprovince Nepal*


प.स./Ref No.२०७८/०७९
च.नं./DispatchNo. १६८८
मिति/Date :२०७९।०१।०६

**छ)** मौन अवधिमा सामाजिक संजालमा राजनीतीक दल वा उम्मेद्वारको पक्ष वा विपक्षमा कुनै सन्देश, सुचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक संजाल मार्फत मत माग्न नहुने ।

**ज)** आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भम्रणमा अन्य परियोजनको लागि बैदेशिक भम्रण गर्ने नहुने तर विशेष परिस्थिति परि कुनै मन्त्रि वा स्थानीय कार्यपालिकाको पदाधिकारीलाई विदेश भम्रणमा खटाउन आवश्यक परेको भनी औचित्य लाई सम्बन्धित मन्त्रालय वा निकायबाट अनुरोध भई आएको आवस्थामा आयोगले सहमति प्रखान गरेमा त्यस्तो भम्रण बाधा पर्ने छैन ।

**बोधार्थः**
**श्री** जिल्ला प्रशासन कार्यालय रुपन्देही ।
**श्री** निर्वाचन कार्यालय रुपन्देही ।
**श्री** वडा कार्यालय सबै, सम्मरीमाई गाउँपालिका–पत्रानुसार गर्नुहुन ।
**श्री** विद्यालयहरु तथा स्वास्थ्य संघसंस्थाहरु सबै, सम्मरीमाई गाउँपालिका–पत्रानुसार गर्नुहुन ।

मुन्सी प्रसाद माझी
**नि. प्रमुख प्रशासकिय अधिकृत**


Email:-sammarimairm@gmail.com, ito.sammarimai@gmail.com
Website:- sammarimaimun.gov.np